# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, असार ३० गते,२०७५ साल (संख्याः ४

# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७५

नेपालको संविधान २०७२ को धारा २२९ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर सभाले बनाएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७५

**प्रस्तावनाः**

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२)बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिकवर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४१,३४,३१,००० (अक्षेरुपी एकचालिस करोड चौतिस लाख एकतीस हजार रूपैँया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

मुसिकोट राजपत्र

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

मुसिकोट राजपत्र

अनुसूची१-

| | | | |
|---|---|---|---|
| मुसिकोट नगरपालिका | | | |
| नगर कार्यपालिकाको कार्यालय | | | |
| वामीटक्सार,गुल्मी | | | |
| आय व्ययको विवरण | | | |
| आ७६/२०७५.व. | | | |
| | | | अनुसूची१- |
| | | | रुहजारमा. |
| शीर्षक | आ .व. /२०७३ २०७४ को यथार्थ | आ /२०७४.व. को ७५ संशोधित अनुमान | आ .व. ७६/२०७५ को अनुमान |
| आयः | ० | ४१४३७४ | ४३५५६२ |
| राजस्वः | ० | १३०८५ | १०९२४३ |
| आन्तरिक राजस्व | | ९२८५ | १४२०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | ३८०० | ७४४०० |
| अन्य आय गत वर्षको अल्या | | | २०६४३ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ० | ४०१२८९ | ३२६३१९ |
| नेपाल सरकारबाट प्राप्त वितिय समानिकरण | | ३५२८१६ | १०३००० |
| नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | | | २०४५८८ |
| प्रदेश सरकारबाट प्राप्त वितिय समानिकरण | | | ४३१६ |
| प्रदेश सरकारबाट प्राप्त सवारी | | १६७७ | ६९१५ |

मुसिकोट राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | साधन करको राजस्व बाडफाड | | | |
| | प्रदेश सरकारबाट प्राप्त शसर्त अनुदान | | | ७५०० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | २६१११ | |
| | पनेग्राखापासस परियोजना | | २०६८५ | |
| | जनसहभागिताः | | ० | ० |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| व्ययः | | | ४१४३७४ | ४३५५६२ |
| | चालु खर्च | | ५५५३९ | २८४४१५ |
| | पूँजिगत खर्च | | १६२८५५ | १५११४७ |
| | शर्सत | | १९५९८० | |
| बजेट बचत न्यून/(+) (-) | | | ० | ० |
| | | | | |
| वित्तीय व्यवस्था | | | ० | ० |
| | खुद ऋण लगानी | | ० | ० |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| | | | | |
| | खुद शेयर लगानी | | ० | ० |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | | | | |

मसिकोट राजपत्र

| | | | | |
|---|---|---|---|---|
| | खुद ऋण प्राप्ती | | ० | ० |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| | | | | |
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | | ० | ० |

प्रमाणिकरण मिति : २०७५।०३।३०

आज्ञाले,
घनश्याम न्यैपाने
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रू.१०

मुसिकोट राजपत्र